# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, वैशाख १४ गते २०४४ साल (संख्या २

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ को उपदफा (३) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय पञ्चायतका माननीय सदस्यहरूले खरिद गर्ने मोटरमा देहायबमोजिम भन्सार महसूल र बिक्रीकर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. राष्ट्रिय पञ्चायतका माननीय सदस्यहरूलाई जीप वा १३०० सी.सी. सम्मको १ मोटरकार खरिद गर्न आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा दिने ।

२. उक्तबमोजिम पैठारी भै आउने जीप वा मोटर कारमा भन्सार महसूल र बिक्रीकर बापत पैठारी मूल्यको १० प्रतिशत लिई बाँकी छुट दिने ।

३. महसूल सुविधाअन्तर्गत पैठारी भै आउने उक्त सवारीका साधनहरू ५ वर्षसम्म बेच-बिखन गर्न नपाउने गर्ने र ५ वर्षपछि बिक्री गर्न चाहेमा पैठारी हुँदा कायम भएको मूल्यमा ५ वर्षसम्मलाई वार्षिक १० प्र.श. का दरले ह्रास कट्टी गरी सो बाँकी मूल्यमा लाग्ने महसूलमा ५० प्रतिशत भन्सार महसूल छुट दिई बिक्रीकर पूरै छुट दिने ।

आज्ञाले,

लोकबहादुर श्रेष्ठ

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

929